**२०७५ साल असार ३१ गते आइतबारको दिन बसेको लिखु गाउँ कार्यपालिकाको बीसौं बैठकबाट भएका निर्णयहरुको व्यहोरा निम्न बमोजिम छन् :**

१. IEE प्रतिवेदन स्वीकृत भए पश्चात् नियमानुसार ठेक्का वन्दोवस्त गरी कर संकलन गर्ने र सो नभए सम्मको लागि गाउंपालिकाले अमानतबाट कर संकलन गर्ने । यसरी कर संकलन गर्दा पछि प्रदेशबाट दररेट प्राप्त भएपछि सोही बमोजिम हुने गरी हाललाइ प्रदेशले नै प्रस्ताव गरी पारित गरे पश्चात् website मा प्रकाशित देहायको दररेटमा संकलन तथा निकासी शुल्क उठाउने निर्णय गरियो ।

क) ढुंगा, चुनढुंगा, गिटी, वालुवा, स्लेट, ग्राभेल र रोडा आन्तरिक विक्री एवं घाटगद्दी : प्रति क्युफिट रु ६।००

ख) ढुंगा, चुनढुंगा, गिटी, वालुवा, स्लेट, ग्राभेल र रोडा जिल्ला वहिर निकासी कर : प्रति क्युफिट रु ९।००

ग) माटो आन्तरिक विक्री एवं घाटगद्दी : प्रति क्युफिट रु २।५०

घ) माटो जिल्ला वाहिर निकासी कर : प्रति क्युफिट रु ५।००

ङ) खानीजन्य उद्योगबाट निकासी हुने वस्तुमा निकासी कर मात्र

यसरी अमानतबाट कर संकलन गर्दा मुख्य निकासी हुने देहायका नाकाहरुमा गाउँ कार्यपालिकाका देहायका कर्मचारीहरु परिचालन गर्ने ।

१) छहरे नाका : राजन अधिकारी, जुनिल श्रेष्ठ, श्रीराम श्रेष्ठ

२) ढिकुरे क्रसर : शैलेन्द्र पाण्डे, गौरी राइ

३) चौघडा नाका : रामेश्वर नेपाल, अप्सरा मैनाली

४) मालाकोट/शेरा नाका : यदु कुमार धमला, विमला तामाङ

२. यसरी अतिरिक्त समय खटिने कर्मचारीलाई प्रोत्साहन भत्ता स्वरुप जनही मासिक एकमुष्ठ रु १०,०००।०० (दश हजार रुपैया मात्र) आन्तरिक आयबाट प्रदान गर्ने ।

३. नगदी रसिद बिना संकलन वा निकासी गरिएको ढुंगा, चुनढुंगा, गिटी, वालुवा, स्लेट, ग्राभेल, रोडा, माटो गर्ने गराउनेको मालवस्तु जफत गरी लिखु गाउँपालिकामा बुझाउन आवश्यक सहयोगको लागि जिल्ला प्रहरी कार्यालयलाई अनुरोध गर्ने । यसरी जफत गरिएको मालवस्तु गाउँ कार्यपालिकाले तोकेको स्थानमा भण्डारण गरी देहाय बमोजिम जरिवाना गर्ने ।

| ढुवानी गर्ने साधन | जरिवाना |
| --- | --- |
| क. ट्रयाक्टर (१०० क्यु.फिट) | ५ हजार |

ख. मिनी ट्रक (१०० क्यु.फिट)	५ हजार

ग. Eicher (१५० क्यु.फिट)	७ हजार

घ. टिपर ( २५० क्यु.फिट)	१० हजार

४. लिखु गाउँपालिका क्षेत्र भित्रको लिखु, तादी र सिन्दुरे खोलाबाट ढुंगा, चुनढुंगा, गिटी, वालुवा, स्लेट, ग्राभेल, रोडा, माटो जस्ता दहत्तर बहत्तरको बिहान ६:०० बजेदेखि साँझ ६:०० बजेसम्म मात्र निकासी गर्न सकिने ।

५. लिखु गाउँपालिका क्षेत्र भित्रको लिखु, तादी र सिन्दुरे खोलाबाट ढुंगा, चुनढुंगा, गिटी, वालुवा, स्लेट, ग्राभेल, रोडा, माटो जस्ता दहत्तर बहत्तरको संकलन तथा निकासीको अनुगमन गर्न देहायका सदस्य रहने गरी अनुगमन समिति गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| रोजिना राई | संयोजक |
| नरहरि पाण्डे | सदस्य |
| भीम बहादुर घले | सदस्य |
| भोला प्रसाद सेढाईं | सदस्य |
| दल बहादुर राई | सदस्य |
| रामकृष्ण श्रेष्ठ | सदस्य |
| हरिशरण लामिछाने | सदस्य |
| रामचन्द्र लामिछाने | सदस्य-सचिव |

अनुगमन समितिको अनुगमन खर्च आन्तरिक आयबाट व्यवस्थापन गर्ने निर्णय गरियो ।

६. उपरोक्त निर्णयहरु कार्यान्वयनमा आवश्यक सहयोग गर्न जिल्ला समन्वय समिति, जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो ।